साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

**SALT TRADING CORPORATION LTD.**

सत्यमेव परं धनम्


पत्र संख्या/Ref No.

२०७६।०७७ च.नं. २०४ (लेखा)

मिति : २०७६।०७।२९

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, भद्रकाली,
काठमाडौं ।

विषय : पहिलो त्रैमासिक प्रतिवेदन पठाईएको सवन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस कर्पोरेशनको आर्थिक वर्ष २०७६।०७७ को पहिलो त्रैमासिक प्रतिवेदन तहांको आवश्यक जानकारीको लागि यसै पत्रसाथ पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय
नि.साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

(ओमसिद्धि गुभाजु)
विभागिय प्रवन्धक

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## आ. ब. २०७६।०७७ को पहिलो त्रैमासिक, असोज मसान्तको प्रोभिजनल बित्तीय बिवरण

| | 0.00 | 0.00 |
|---|---|---|
| विवरण | यस त्रैमासिकको अन्तमा (२०७६।०३।३१) | गत आ.ब. को सम्बन्धित त्रैमासिकको अन्तमा (२०७५।०३।३२) |
| सम्पत्ति | | |
| गैह्र चालु सम्पत्ति | | |
| जायजेथा, प्लान्ट र उपकरण | १,५८०,०६१,६१८ | १,६०६,७६३,७३६ |
| पूँजीगत कार्य प्रगति | ४,९४२,६९६ | ४,९४२,६९६ |
| स्थगन कर (Deferred Tax) | ९९,३०३,४१९ | ९९,३०३,४१९ |
| लगानी | ५३४,३११,७४८ | ५७४,३११,७४८ |
| जम्मा | २,२५८,६९९,४८१ | २,२८५,४०१,५९९ |
| चालु सम्पत्ति | | |
| जिन्सी मौज्दात | २,६८७,४८८,३३५ | २,९७४,४६०,५२९ |
| आसामी बाँकी | ३३१,४४८,२६३ | ३२३,३८२,२७७ |
| नगद तथा बैंक मौज्दात | २०१,५६९,८२६ | १९८,९११,७९६ |
| पेश्की, सापटी तथा धरौटी | २,३९३,७२०,३६४ | २,१२३,०५६,८६२ |
| नेपाल सरकार संगको हिसाब | ७८४,३४०,२७२ | ८६०,५९०,२७२ |
| जम्मा | ६,३९८,५६७,०६० | ६,४८०,४०९,७३६ |
| कुल सम्पत्ति | ८,६५७,२६६,५४२ | ८,७६५,८११,३३५ |
| इक्विटी र दायित्व | | |
| शेयर पूँजी (टिप्पणी ग(७)) | १५३,५४१,८०० | १२२,८३३,४०० |
| जगेडा तथा मूनाफा | १,३१४,०३२,८६९ | १,३०८,०५६,१६२ |
| कूल इक्विटी | १,४६७,५७४,६६९ | १,४३०,८८९,५६२ |
| दीर्घकालीन कर्जा | ७०,६५४,१९० | ९१,१६०,८३९ |
| चालु दायित्व तथा व्यवस्था | | |
| चालु दायित्व | ६,७९३,९५६,५१४ | ६,९५०,१४६,४२५ |
| व्यवस्था | ३२५,०८१,१६९ | २९३,६१४,५०९ |
| जम्मा | ७,१८९,६११,८७३ | ७,३३४,९२१,७७३ |
| कुल इक्विटी र दायित्व | ८,६५७,२६६,५४२ | ८,७६५,८११,३३५ |

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## आ. ब. २०७५।०७६ को चौठो त्रैमासिक, आषाढ मसान्तको प्रोभिजनल नाफा-नोक्सान बिवरण

| विवरण | यस त्रैमासिकको अन्तमा (२०७६।०६।३०) | | गत आ.ब. को सम्बन्धित त्रैमासिकको अन्तमा (२०७५।०६।३१) |
|---|---|---|---|
| आम्दानी (बिक्री) | २,३४१,६७४,४७५ | | १,८३१,४१८,९३७ |
| बिक्री लागत | २,०५३,६४८,५१५ | | १,५६५,८६३,१९१ |
| **कुल मुनाफा** | **२८८,०२५,९६०** | | **२६५,५५५,७४६** |
| अन्य आम्दानी | १७,०२६,३२९ | | १५,४७८,४८१ |
| सम्पत्ति बिक्री नाफा | - | | - |
| **जम्मा** | **३०५,०५२,२८९** | | **२८१,०३४,२२७** |
| कर्मचारी खर्च | ७६,९८८,१६७ | १.२८ | ६६,९४६,२३२ |
| प्रशासकीय खर्च | ३७,३६६,००४ | १.२१ | ३२,४९२,१७८ |
| ब्याज खर्च | १७६,८५७,२१३ | | १६८,४३५,४४१ |
| ह्रास खर्च | ३,२१०,०७८ | | ३,३९७,९०४ |
| बिनिमय दर परिवर्तनबाट नोक्सानी | - | | - |
| पेश्कि सापटी, लगानी एवँ आसामी व्य | - | | - |
| कर्मचारी बोनस | | | |
| आयकर व्यवस्था अगाडिको नाफा | १०,६३०,८२७ | | ९,७६२,४७२ |
| आयकर व्यवस्था | | | |
| चालू वर्षको | | | - |
| बिगत वर्षहरुको | - | | - |
| स्थगन कर (Deferred Tax) | - | | - |
| खुद नाफा इक्विटी मा परिवर्तनको वि | १०,६३०,८२७ | | ९,७६२,४७२ |
| खुद नाफा प्रति शेयर | ६.९२ | | ७.९५ |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४**
**(नियम २६ को उपनियम १ संग सम्बन्धित)**
**आ.व.२०७६/७७ को पहिलो त्रैमासिक प्रतिवेदन**

१. **वित्तिय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण
यस कम्पनीको आ.व. २०७६।७७ को पहिलो त्रैमासिक अवधिको अपरिस्कृत वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण संलग्न बमोजिम रहेको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | २७।६९ | प्रति शेयर नेट वर्थ | ६३२।५४ |
| मुल्य आम्दानी अनुपात | २३।७६ | प्रति शेयर कुल सम्पत्ति मुल्य | ५६३८।३८ |

२. **व्यवस्थापकिय विश्लेषण :**

कर्पोरेशनले गुणस्तरीय वस्तुहरुको कारोबार गरी आम उपभोक्ताहरुलाई गुणस्तरयुक्त खाद्यवस्तु तथा अन्य वस्तुको सरल र सहज आपूर्ति व्यवस्था गरी सामाजिक उत्तरदायित्व वहन गर्दै कारोवार गर्न सफल रहेको छ । बिद्यमान बैंकिङ तरलता समस्या, देशको समग्र आर्थिक अवस्थाको कारण तथा कर्पोरेशनले नेपाल सरकारको निर्देशन समेतको पालना गरी सामाजिक उत्तरदायित्व वहन गर्नु परेको कारण कुनै वस्तुहरुमा लागत मूल्य भन्दा कम मूल्यमा सामान बिक्रि गर्नुपर्ने बाध्यात्मक अवस्थाको कारण कर्पोरेशनले अपेक्षित रुपमा मुनाफा आर्जन गर्न सकिरहेको छैन । देशको राजनीतीक स्थिरता, प्रशासनिक संरचनामा भएको परिवर्तन पश्चात आर्थिक गतिविधिमा बृद्धि भै कर्पोरेशनको व्यवसायमा सकरात्मक प्रभाव पर्ने देखिन्छ ।

३. **कानुनी कारवाही सम्बन्धि विवरण**

यस अवधिमा कर्पोरेशनको व्यवसायीक कारोबार संग निम्न मुद्धाहरु विचाराधीन छन् ।

| सि.न | पक्षको नाम | बिपक्षीको नाम | मुद्दा | ऋदालत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सा.ट्रे.क.लि. | प्रचण्ड बहादुर बम | क्षतिपूर्ति रकम दिलाई भराई पाऊ | बांके जिल्ला अदालत | फैसला कार्यान्वयन गरी पाउं |
| २ | सा.ट्रे.क.लि. | गर्ग ईम्पेक्सको प्रो. पवन अग्रवाल | उत्प्रेषण परमादेश समेत | सर्वोच्च अदालत | विचाराधिन |
| ३ | सा.ट्रे.क.लि. | मिनु चन्द समेत | घर बहाल | उच्च अदालत दिपालय महेन्द्रनगर इजलास | विचाराधिन |
| ४ | . मिनु चन्द समेत | सा.ट्रे.क.लि | हरहिसाव | उच्च अदालत दिपालय महेन्द्रनगर इजलास | विचाराधिन |

साल्ट ट्रेडिङ कर्पोरेशन लि. केन्द्रीय कार्यालय, काठमाण्डौ

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विवरण :**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य रु. | ६५८।०० | अन्तिम मुल्य रु. | ६५८।०० |
| न्युनतम मुल्य रु. | ४९३।०० | कारोबार भएको कुल दिन | ६ |
| कारोबार संख्या | १० | शेयर संख्या | २९९ |

५. **समस्या र चुनौती :**

राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा आउने आर्थिक उतार चढाव, मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिस्थितिहरु तथा अस्वस्थ ब्यापारीक प्रतिस्पर्धाले कर्पोरेशनको कारोवारलाई समेत असर पारेको छ । नेपाल सरकारले चिनी आयातमा लगाएको परिमाणात्मक बन्देजले कर्पोरेशनको व्यवसायमा परेको असर तथा भारतबाट चलान भै भंसार बिन्दुमा आईपुग्न लागेको समयमा लागेको उक्त बन्देजको कारण भंसारबाट चिनी छुटाउन लागेको समय, डेमरेज लगायत अन्य खर्चहरुले सिर्जित आर्थिक भारले कर्पोरेशनको कारोबारमा समेत समस्या उत्पन्न भएको ।

**रणनीति**

- नेपाल सरकारको नीतिको अवलम्वन गर्दै एउटा जिम्मेवार संस्थाको रुपमा मुलुकभर गुणस्तरीय बस्तुहरुको आपूर्ति ब्यवस्था मिलाउँदै कर्पोरेशनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा स्थापित गर्ने ।

- नवीनतम एंव सृजनशील कारोवारको खोजी गर्दै व्यापार विविधीकरण तर्फ उन्मुख रहने योजनाको साथ कर्पोरेशन अगाडी बढ्ने रणनिती रहेको छ ।

६. **संस्थागत सुशासन :**

कर्पोरेशनले प्रचलित कानून तथा नेपाल सरकारबाट जारी निर्देशन र कर्पोरेशनको आन्तरिक नियन्त्रण प्रणाली अनुसार संस्थागत सुशासनको लागि अख्तियारी सिमाको व्यवस्था गरिएको । आन्तरिक नियन्त्रण प्रणाली पालना गरे नगरेको तथा यसमा निरन्तर अध्ययन गरि सुधार गर्न आन्तरिक लेखा परिक्षणले गर्ने तथा लेखापरिक्षण गर्ने लेखापरिक्षकको सुभाव निर्देशन बमोजिम कर्पोरेशनले कार्य सम्पादन गर्दै आएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व बहन गर्दछु । म यो उदघोष गर्दछु मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्यतथ्य र पूर्ण छन् । कर्पोरेशनले आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु नलुकाएको साथै लेखापरिक्षण गर्दा कुनै व्यवस्था गर्नुपरेमा माथि देखाईएका हिसाबहरु फरक पर्न सक्नेछ ।